# यसरी अनेक किम्वदन्तीद्वारा भाटभटेनीको नाम रहन गयो

*भुवनलाल प्रधान*

मन्दिरै मन्दिरको काष्ठमण्डप, देवतैदेवताको वासस्थान- काठमाडौं उपत्यका मन्दिर र देवस्थलहरूले मात्र होइन थरीथरीका देवमूर्तिहरूले पनि विलक्षण बनेको छ । मूर्तिहरू ठूला होऊन् वा साना, भव्य होऊन् वा सामान्य, धातुका होऊन् वा काठढुङ्गाका- कतिपय त स्तूप, चैत्य, गुम्बा, घ्याङ, बाहाल-बहिलमा संस्थापित छन् भने कतिपय त गुफा शैली, छत्र शैली, शिखर शैली, ग्रन्थकूट शैली आदि देवालयहरूमा संस्थापित छन् । फेरि कुनैकुनै मूर्तिहरू देवालयका वेदिकामा बकाइदा विराजमान गराइएका छन् त कुनै-कुनै पीठमा डल्ले वा चुच्चे ढुङ्गा मात्र पनि देउताका रूपमा विराजित गराइएका हुन्छन् । अझ कहीँकहीँ त त्यस्ता ढुङ्गासम्म पनि हुँदैनन्, देवासन रित्तै देखिन्छन् जसमाथि केवल गुम्बज आकारको छत वा तोरणसम्म बनाइएका हुन्छन् । देवमूर्तिहरू पनि माटो, ढुङ्गा, काठ, धातु आदिका हुन सक्छन् ।

यी देवताहरूका अझ रमाइलो पक्ष के हुन्छ भने यहाँका देवतैपिच्छे कुनै न कुनै कथा वा किम्वदन्ती गाँसिएको हुन्छ । कुनै एउटा देवताकै विषयमा पनि विभिन्न कथाहरू कथिएका हुन्छन् । यसरी अनेकौं कथा प्रचलित भएका देवताहरूमध्ये काठमाडौं, विशालनगर टङ्गालस्थित भाटभटेनी देउताहरू पनि एउटा हो जुन उपर्युल्लिखित देउताहरूभन्दा बिलकुल भिन्नै खालका छन्- न त काठ, माटो, ढुङ्गा, धातुबाट निर्मित हुन् न त कुनै आसनमा आसीन गराइएका छन् ।

यो भाटभटेनी मन्दिर टङ्गालको तीन-दोबाटो अर्थात् दक्षिणतिर टङ्गालको चौबाटोतिर जाने सडक, पूर्वतिर विशालनगर जाने सडक र उत्तरतिर सोझै बालुवाटारतिर जाने सडक-यी तीन बाटाको सङ्गमको केही कदम उत्तर-पश्चिमतिर सडकछेउ अवस्थित छ । मन्दिर दुईतले पागोडा शैलीको छ । यो मन्दिर प्राङ्गणको माझमा अवस्थित छ । यसका पश्चिम र उत्तरतिर यसैका सत्तलहरू खडा छन्, दक्षिण र पूर्वतिर खुला ठाउँ छन् । देवस्थलभित्र पस्ने ढोका मन्दिरको उत्तरी पाटामा पर्दछ । मन्दिरको दक्षिण-पूर्वतिर एउटा एकतला जति अग्लो पेटी पनि बनाइएको छ जसमाथि खुड्किला चढेर पुग्न सकिन्छ ।

यी देउताको विषयमा थरीथरीका कथा वा किम्वदन्तीहरू प्रचलित छन् । भाषा वंशावलीहरूमा पनि यिनीहरूको उल्लेख गरिएको छ । यिनीहरू सुन्नलाई त खूब घतलाग्दा छन्, तर तीमध्ये कति मात्र ऐतिहासिक तवरले ग्राह्य हुन्छ समीक्षा गर्नुपर्ने हुन्छ । यी भाटभटेनी देवताहरूबारे भाषा वंशावलीहरूमा निम्नलिखितअनुसार चर्चा गरिएको पाइन्छ –

**वंशावलीका कथनहरू**

(१) "'यहाँदेखि नेपालपुरी अगम भैगये । सुप्रभानगर पनि उजाड भैगयो र १००० वर्षपछि भाटभटेनी भन्याको माता, पिता, पुत्र देवता आकाश रूप भै आई विशालनगर नाम गरी शङ्खमूल आदि जलशायी नारायणसम्म गरी नगरमध्ये मार्गक्रम गरी बसाई ऋषिपुत्र क्षत्रियलाई स्वयंव्रत नाम राखी राजा तुल्याई नगरको रक्षा गराया : '"

- एउटा राजवंशावली, राजभोगमाला वंशावली, प्राचीन नेपाल, सं. ४-५, ७-१९

(२) "' तसर्थ ठूलठूला पण्डितहरू ल्याई नन्दीवाहन स्थापना गरेको हुनाले यी महादेवको नाउँ नन्दी- ज्ञानेश्वर नन्दी भयाको हो । नन्दी नाम ब्राह्मण भाटभट्यानी भैगयाकाले नन्दीकेश्वर भयाको हो '"

प्राचीन नेपाल, सं. ४-१५

(३) "'केही कालपछि अघिदेखिको यस पुरानो शहरलाई गुल्जार गराउनु पऱ्यो भनी ब्रह्मा, विष्णु, महेश्वर आदि देवताहरू पिता-माता, भ्राताभगिनीहरूको स्वरूप लिई त्यहा आई बसे । शङ्खमूलदेखि' नारायणसम्म फेरि उही विशालनगरी खडा गरी ऋषिपुत्र स्वयंव्रतलाई राजा बनाए । उनलाई नगरको रक्षा गर्न लगाई आफू पनि पाषाण रूपले त्यहीं विराजमान भए । त्यही मातृभगिनी भावले विराजमान भएका हुनाले पछि त्यसको नाम भाटभटेनी भयो भन्ने कथा बौद्ध ग्रन्थमा छ ।'"

- केशर पुस्तकालय वंशावली, प्रा.ने., सं. १३-१

(४) "' यी राजा (शङ्करदेव) ले त्यो उपद्रव (सात सय सती गएका ब्राह्मणीका पिशाचहरू) शान्त होओस् भन्ना निमित्त ठूलठूला पण्डितहरूबाट ' शिवलिङ्ग स्थापना गराए । ती शिवलिङ्ग' ज्ञानेश्वर नन्दीले आव्हान गरी स्थापना गरेका हुनाले नन्दीकेश्वर पनि भन्दछन् । ती नन्दी ब्राह्मण पनि विशालनगरमा सिद्ध भई मोपता (अर्थात् नेवारीमा भाटभटेनी देउता ह्मोपताः द्यो कहिन्छ जसको अर्थ हुन्छ 'शरीर पताकाजस्तै भएको' याने 'जीउ आकाशमा पताकाजस्तै उडिरहेको वा झुण्डिरहेको' भन्ने हुन्छ) देव नाउँले प्रसिद्ध भए । यिनलाई कोही भाटभटेनी पनि भन्दछन् ।'"

- केशरपुस्तकालय, वंशावली, प्रा. ने. १६-६

उपरोक्त उद्धरणमध्ये सं. (१) र (२) मा उल्लिखित कुरा ऐतिहासिक तवरले मान्य हुन सक्तैनन् । सं. (२) र (४) बाट के सम्भावना देखिन्छ भने राजा शङ्करदेव (यी राजा वि.सं. ११२३-३९ ताकाका नुवाकोटे बैस ठकुरी राजा शङ्करदेव क्ष्क्ष्क्ष हुनुपर्ने देखिन्छ) ले वर्तमान नक्साल इलाकामा तत्कालीन ब्रह्म-पिशाचले गरेको भनिएको उपद्रव शान्त पार्न ज्ञानेश्वर महादेवको प्रतिष्ठापन विधिपूर्वक सम्पन्न गराउन लगाएका पुरोहित पण्डित नन्दी नामक ब्राह्मण थिए । उनको मृत्युपछि विशालनगरमा उनको मूर्ति राखियो तथा त्यसपछि उनी ह्मोपताः द्यो वा भाटभटेनी देउता कहलिए ।

यो पछिल्लो कथन ऐतिहासिक तवरले विचारणीय छ । आज विद्यमान भाट मूर्ति, भटेनी मूर्ति र बाल मूर्ति ती नन्दी ब्राह्मण, उनकी स्त्री र उनीहरूका छोराका प्रतीक हुनु बिलकुल सम्भव छ । तीन थरी देवताहरू- स्वयम्भूस्थित हारती माई, ज्ञानेश्वरनन्दी महादेव र भाटभटेनी देवताहरूको औपचारिक दर्शन-पूजन एकैदिन गर्ने एउटा परम्परागत प्रचलनबाट पनि यस तथ्यतिर पुष्टि मिल्दछ ।

यी भाटभटेनी देवताहरूबारे वंशावलीहरूमा चर्चित उपरोक्त केही कथनहरूबाहेक केही कथाहरू पनि लोकमा प्रचलित छन् । तीमध्ये बहुचर्चित दुइटा कथाका सारांश तल दिइएका छन् यद्यपि यी दुवै अलौकिक र अव्यावहारिक छन्, तसर्थ ऐतिहासिक रूपले विचारणीय कत्ति पनि छैनन् ।

**प्रचलित कथाहरू**

(१) ललितजङ्ग सिजापतिद्वारा सं. २०११ सालमा प्रकाशित गरिएको 'ऐतिहासिक कथा सङ्ग्रह' शीर्षक पुस्तकमा समावेश गरिएको कथाको सारांश यस प्रकार छ :-

परापूर्व कालमा विशालनगरनिवासी एउटा गरिब भाटभटेनी दम्पतीले आफ्नो पाहुना एकजना ब्राह्मणले एउटा सुनको लट्टी नासो राखेर गयो । त्यस दम्पतीको छोरा जन्मेको बेला ती भाटभटेनीहरूले त्यही लट्टी बेचेर सुत्केरी खर्च टारे । केही वर्षपछि त्यो ब्राह्मण लट्टी फिर्ता माग्न आउँदा तिनीहरूले त्यो लट्टी घुन कीरा लागेर मकियो भने । ब्राह्मण अतिथिकै रूपमा तिनीहरूकहाँ नै केही दिन बस्यो । ती भाटभटेनी एकदिन आफ्नो बालक छोरालाई त्यो ब्राह्मणकै जिम्मामा छाडेर आ-आफ्ना काममा गए । साँझपख फर्कंदा आफ्नो बालक छोरालाई घरमा नदेखेकाले तिनीहरूले ब्राह्मणसँग सोधे । उसले बालकलाई चीलले गाँजेर लग्यो भन्यो । त्यसै विषयमा झगडा परेपछि भाटभटेनीले ब्राह्मणलाई नक्कली लट्टी फर्काए । ब्राह्मणले पनि बच्चालाई फर्काउन त

फर्कायो तर उसले तिनीहरूलाई यस्तो सराप दियो – “मेरो नासो पचाएर नक्कली लट्ठी फर्काउने तिमीहरूलाई पृथ्वीमा ठाउँ नमिलोस् ।”

त्यति भन्नेबित्तिकै भाट र भटेनी पृथ्वीमा टेक्न नसकी आकाशमा हल्लिन थाले, चील पनि तिनीहरूको बच्चालाई नङ्ग्राले च्यापेर सामुन्ने अडिरह्यो ।

आजकाल भाटभटेनी मन्दिरभित्र रहेका मूर्तिहरू उपरोक्त घटनाका प्रतीक मानिन्छन् ।

(२) यस प्रसङ्गबारे ‘सपरिचय सुधारकार्य विवरण, सं. २०१७’ मा यसो लेखिएको छ – ‘परापूर्व कालमा विशालनगर निवासी भट्टभट्टेनी दम्पतीलाई अघिल्लो जीवनमा विष्णु भगवान्बाट आफू-उनीहरूको छोरो भएर जन्मने वरदान प्राप्त भएको थियो । तदनुसार त्यस दम्पतीको एउटा खूब होनहार छोरा जन्म्यो । भट्ट र भट्टेनी दङ्ग परी बालकको स्याहारसम्हार गरिरहेका थिए । एक दिन आँगनमा सुताइरहेको त्यस बालकलाई एउटा ठूलो चीलले गाँजेर आकाशमा लग्यो । आफ्नो बालक छोरालाई चीलबाट खोसेर लिन भट्टभट्टेनी दुवैजनाले उड्ने चेष्टामा फड्को मारे । त्यसैबेला बालकरूपी विष्णु भगवान्ले उनीहरूलाई आफ्नो चतुर्भुजी रूपको दर्शन दिँदै उनीहरूलाई अघिल्लो जन्मको कुरा सम्झाए तथा अब आफू वैकुण्ठतिर जान लागेकोले उनीहरूकहाँ बसिरहन नमिल्ने कुरा बताए ।

त्यसै घटनाको प्रतीक उक्त मन्दिरभित्र भट्ट, भट्टेनी, बाल-विष्णु र चीलको रूपमा गरुड मूर्तिहरू प्रतिष्ठापित गरिएका हुन् ।

यी भाटभटेनी देउताहरूबारे एउटा किम्वदन्ती पनि प्रचलित छ जुन यहीँका पुजारी कर्माचार्यहरूका अनुसार यस प्रकार छ– प्राचीन विशालनगरमा एउटा किसान परिवार थियो- किसान, किसान्नी र तिनीहरूको बालक छोरोको । यिनीहरू बाहिरबाट हेर्दा मामुली गरिब किसानजस्तै देखिन्थे । यिनीहरू दिनभरि आफ्नो खेतमा काम गरिरहेका हुन्थे, राति आकाश मार्गबाट कतै जान्थे । भोलिपल्ट बिहान झिसमिस हुनुअगाडि नै आफ्नो खेतमा बनाइराखेको त्यस झुपडीमा आइपुग्दथे र रातभर त्यहीँ रहेको जस्तो गरी टोपल्थे । यिनीहरूको यस्तो रहस्यमय चालाको वाजखाम कसैले पाउनसकेको थिएन । एकदिन बिहान यी किसानहरू आकाश मार्गबाट खेतमा फर्किरहेको बेला संयोगवश मिर्मिरे उज्यालो भइसकेको थियो । त्यस खेतछेउको बाटोबाट हिँडिरहेका केही बटुवाहरूले यिनीहरूलाई आकाश मार्गबाट ओर्लिरहेको देखे । ती बटुवाहरूका आँखा यिनीहरूमा पर्ने बित्तिकै यिनीहरू आकाशमा जहाँको तहीं हलचल गर्न नसकी टक्क अडे । उज्यालो बढेर झन्झन् ठूलो भीडले नियाल्न थालेपछि त यिनीहरू हल न चल भएर त्यसै अवस्थामा सिद्ध भए ।

यो किम्वदन्ती पनि अलौकिक र अव्यावहारिक भएकोले ऐतिहासिक रूपले मननयोग्य भएन, किम्वदन्तीकै रूपमा सीमित रहन्छ ।

**मन्दिर र मूर्तिहरू**

भाटभटेनी देवस्थल कक्ष यसकै आँगनमा अवस्थित दुईतले कलात्मक पागोडा शैलीको मन्दिरको उत्तरी पाटाको भित्ताको भुईंतलामा रहेको ढोकाबाट देखिन्छ । त्यस कक्षभित्र कपडाका लुगा लगाइएका दुइटा पूर्णकदका मानवाकारका पुतला एउटा पुरुष रूपको र अर्को स्त्री रूपको, खुट्टाले भुईं नछुने तरिकाले माथि तेर्स्याइएको डण्डाबाट झुण्ड्याइएका छन् । तिनीहरूका बच्चाहरूको प्रतीक कपडाले एउटा पोको पनि झुण्ड्याइएको छ । भाटभटेनी देउता कहिने देवताहरूका मूर्तिहरू यिनै हुन् । नेवारी भाषामा यी देवताहरू ह्मो-पताः द्यो अर्थात् जीउ (शरीर) नै पताका जस्तो आकाशमा तुर्लुङ्ग लट्किरहेका देउता भनिन्छन् । यी देवताहरू पूर्वाभिमुखि गरिएका छन् । यहाँ उहिले अर्थात् पचास-साठी वर्षअगाडि उडिरहेको चीलले गाँजेको एउटा बच्चा र त्यसलाई भेट्टाउने प्रयासमा उडिरहेका आमाबाबु याने भाटभटेनीका धातुका स-साना मूर्तिहरू भएको ढलौटे माला पनि पर्वपर्वमा झुण्ड्याइन्थ्यो । कक्षभित्र वेदिका, पूजासामा राखिने ठाउँ, धूपदानी, दीपदानी, पुजारी बस्ने ठाउँ इत्यादिको व्यवस्था गरिएको छ ।

मन्दिरका पूर्वी, दक्षिणी र पश्चिमी भित्ताका गाह्रामा अष्टमातृका- ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, बाराही, इन्द्रायणी, चामुण्डा र महालक्ष्मीका मूर्तिहरू चित्रित छन्। मन्दिरबाहिर ढोकानिर ढुङ्गे लट्ठाहरूबाट झुण्ड्याइएका ढलौटे घण्टा दुइटा छन्। मन्दिरको चौगारा पेटी वरिपरि ठड्याइएका डण्डीहरू दीपदानीको रूपमा प्रयुक्त छन्। मन्दिरका बाहिरी पाटाहरूमा अष्टमातृकाका गणहरू- भूतप्रेत, कङ्काल, पिशाच आदिका पनि मूर्तिहरू अङ्कित छन्।

मन्दिरको उत्तरतिर ढोका सामुन्ने अवस्थित सत्तलको छेडीबाट अझ उत्तरतिर रहेको अर्को आँगनमा निस्कने ढोका छ। त्यस आँगनमा पूर्वतिर शिर मात्र भएको भैरव मूर्ति प्रतिष्ठापित गरिएको छ। भाटभटेनी देउतालाई बलि चढाउन चाहने श्रद्धालु भक्तजनहरूले यसै भैरव मूर्तिमा बलि दिन्छन्- विशेष गरेर भाले हाँस र बोका।

**पूजाआजा**

यी देवताको नित्यपूजा कर्माचार्यबाट बाममार्ग विधिले गरिन्छ। यी देवतालाई हाँसको फुल चढाइन्छ तापनि पशुबलि दिइन्न। पशुबलि केवल उपरोक्त भित्री आँगनस्थित भैरव मूर्तिमा चढाइन्छ। यसरी मूल देवतालाई बलि नचल्ने देवस्थलमा पनि बलि चल्ने देवमूर्तिको संस्थापन कतैकतै भएको पाइन्छ। अथवा यो देवस्थल प्रारम्भमा कुनै पीठ भएको आभास पाइन्छ। यी भाटभटेनी देवस्थललाई पीठको रूपमा पनि पूजा गरिएको देखिन्छ। बगलमा स्थापित भैरव मूर्ति, नजिकै बगिरहेको खोला, आसपासमा रहेको मशान आदिबाट यो देवस्थल पीठ रहिआएको सङ्केत मिल्दछ। त्यसै कारणले पनि यस मन्दिरका गाऱ्हामा भूतप्रेत, कङ्काल, भूतप्रेत लेख्ने परम्परा बनेको सम्भव छ।

यी देवताहरूका पर्वपर्वमा गरिने पूजाआजामध्ये भाद्रकृष्ण अष्टमी अर्थात् कृष्णाष्टमीको दिन बच्चाचाहिँ देवताको गरिने पूजा उल्लेखनीय छ। यो बाल-देवता सम्भवतः माथि चर्चित कथाअनुसार विष्णुको अवतार अर्थात् बालविष्णु (बाल-कृष्ण, बाल-गोपाल) मानिने भएकोले पनि त्यस दिन यिनको विशेष पूजा गर्ने चलन चलेको हुनुपर्छ।

त्यस दिन यस बाल-देवतालाई देवकक्षबाट बाहिर प्राङ्गणमा विराजमान गराइन्छ। यसरी प्राङ्गणमा प्रदर्शित रहुञ्जेल यस देवताको दर्शन, पूजन, भजन-कीर्तन गर्न नजिक र टाढाबाट आएका भक्तजनहरूको घुइँचो लागिरहन्छ।

भाटभटेनी देवताहरूका अरू पनि कतिपय पूजा लोकप्रिय देखिन्छन्। उदाहरणार्थ, एउटा विशिष्ट पूजा- यी भाटभटेनी देवताहरू, भैरव देवताको रूपमा पनि पुजिने ज्ञानेश्वर महादेव र स्वयम्भूस्थित हारितीदेवीको एकैदिनमा हुने पूजा पनि हो। केटाकेटी वा ठूला मानिसलाई लागेको कुनै रोग विशेष निको होस् भन्ने कामनाले वा अरू कुनै भाकलले प्रेरित भएर भक्तजनहरू एकै दिन यी तीनै देवताको पूजा गर्ने चलन पनि छ।

यस सम्बन्धमा 'सुधारकार्य विवरण, २०१७' मा यस्तो लेखिएको पाइन्छ :-"हामी नेपालीहरूमा कुनै व्यक्तिलाई अथवा बालक-बालिकाहरूलाई कुनै त्यस्तो अन्तरीक्षचारी पिशाच, भूतप्रेत, आदिले अथवा बालग्रहादि दुष्ट जीवहरूले कुनै प्रकारले पिरे भने तिनीहरूलाई यस मन्दिरमा ल्याई यी देवताहरूको दर्शनस्पर्शन गराई पूजा-आजा गराउँदा त्यो कष्ट-बाधा हट्दै निमिट्यान्न हुँदै जाने अनुभव छ' यस मन्दिरमा त्यस्ता रोगी बालक-बालिकाहरूलाई दर्शन-स्पर्शनादि गराउन ल्याउने, पूर्व मेचीदेखि पश्चिम महाकालीपर्यन्तका हामी नेपालीहरूको प्रतिदिन धेरैथोरै सङ्ख्यामा जमघट भइरहेको देखिन्छ।"

**जात्रा**

यी भाटभटेनी देवताको वार्षिक जात्रा सम्बन्धित गुठीअन्तर्गत चैत्र शुक्ल चतुर्दशीदेखि वैशाख कृष्ण तृतीया तिथिसम्म चालू रहन्छ। उक्त चतुर्दशीको दिन भाटभटेनी मूर्तिहरूमा नयाँ रङ्ग लगाइन्छ- अर्थात् रङ्गकोतन, रङ्गाधिवासन, विजयाधिष्ठान, दृष्टिदान, जीवन्यास आदि विधिहरू सम्पन्न गरिन्छन्। यो रङ्ग लगाउने काम मासँ गल्लीका चित्रकारहरूबाट गराउने परम्परा छ। यस सम्बन्धमा एउटा कुरा के स्मरणीय हुन्छ भने यी

देवताहरूलाई अरू जात्रा गरिने देवताहरू (उदाहरणार्थ रातो मच्छेन्द्रनाथ, सेतो मच्छेन्द्रनाथ) लाई जस्तो 'ह्नवं' ( महास्नान) नगराइकन रङ्गकोतन आदि विधि गरिन्छ ।

यसै दिन बेलुका मूर्तिहरू मन्दिरबाहिर प्राङ्गणमा प्रदर्शित गरिन्छ । त्यसबेला यहाँ दर्शनार्थी भक्तजनहरूको ठूलो घुइँचो लाग्छ ।

यी भाटभटेनी देवताकी आमा हाँडीगाउँस्थित तोरणदेवी (लोक भाषामा टुँडालदेवी भनिने) हुन् भनिन्छ । यी टुँडाल देवीको जात्रा चैत्र पूर्णिमाको दिन हुन्छ । यिनै देवीको जात्राको सिलसिलामा भाटभटेनी र बाल-देवतालाई उत्तानो पारेर त्यहाँ लगिन्छन् । यसरी देउताहरू लैजाँदा मशानको बाटाबाट टुँडालदेवी थानमा लगिने चलन छ । त्यहाँ पुगेपछि टुँडालदेवी स्थानको सामुन्ने रहेको सत्तलमा यी भाटभटेनी देवताहरू राखिन्छन् । त्यस रातभर र भोलिपल्ट दिनभर देउताहरूलाई त्यसै सत्तलमा विश्राम गराइन्छ ।

त्यसै रात टुँडालदेवीकहाँ नक्सालस्थित महामाया देवी (स्थानीय लोक भाषामा पोडे देउता भनिने) को मूर्तिलाई पनि खट (नेपाल भाषामा माँखाः खः भनिने) मा राखेर ल्याइन्छ । भाटभटेनी र महामाया दुवै टुँडालदेवीका छोरी हुन् भनिन्छ ।

भोलिपल्ट राति भाटभटेनी देउताहरूलाई टुँडालदेवी स्थानबाट घोप्ट्याएर फर्काउने परम्परा छ । त्यस अवसरमा बाजा पनि शवयात्राको घोप्टो बाजा बजाइन्छ । यसरी फर्काइँदा यी देवताहरूलाई हेर्न हुँदैन, बाजा पनि सुन्न हुँदैन भन्ने जनधारणा छ । भाटभटेनी मन्दिरको प्राङ्गणनिर पुगेपछि यी देवताहरूलाई मन्दिरको पूर्वी भित्ताछेउ केहीबेर अडाइन्छन् र पछि मन्दिरसँगै रहेको पाटीमा पश्चिम दिशातिर फर्काई राखिन्छन् । यहीँ मन्दिरबाहिरै यज्ञहोम, पूजाद्वारा शुद्धीकरण विधि सम्पन्न गरेर मात्र यी देवताहरूलाई मन्दिरभित्र यथावत् विराजमान गराइन्छ । यी काम सबै गुपचुप रूपले सम्पन्न गरिन्छ ।

टुँडालदेवीको मूलजात्रा पूर्णिमाको दिन तीनतले खटमा गरिन्छ । यी देवीको जात्राको एउटा अङ्ग भाटभटेनी देउताहरूसँग जोडिएको छ । भटेनीदेवी माइतीबाट फर्केर टङ्गालस्थित गहनापोखरी नाउँले प्रसिद्ध पोखरीमा लुगा धुन जाँदा आफ्नो गहना हराएकी थिइन् । उक्त गहना माइतीमै हराएको भान नपरोस् वा आफूले दबाएको ऐब नआओस् भनेर टुँडालदेवीले पूर्णिमाको भोलिपल्ट खटमा टङ्गाल आई खटैमा बसेर त्यस गहना पोखरीमा खोज्नसम्म गहना खोजेको जस्तो अभिनय गराइन्छ । त्यहाँ देवीको खट पोखरीको पानीमा घुमाईघुमाईकन गहना खोजेको परम्परागत विधिसम्पन्न गरिन्छ । त्यस अवसरमा भाटभटेनी देउता पनि नगिचै रहेको त्यस गहना पोखरीछेउ लगिन्छन् । जति खोजे पनि हराएको गहना पोखरीमा फेला पार्न नसकेको जानकारी छोरी-ज्वाइँलाई दिनजाने पाराले टुँडालदेवीको खट भाटभटेनी मन्दिरसम्म ल्याइन्छ ।

द्वितीयाको दिन भाटभटेनी देउताको जात्रासम्बन्धी कुनै कार्यक्रम हुँदैन । तृतीयाको दिन भाटभटेनी देउताको जात्रा स्थानीय इलाकामा नै गरिन्छ । त्यस अवसरमा टुँडालदेवी खटमा यहीं ल्याइन्छ र भाटभटेनीसित भेट गराइन्छ । यो प्रक्रियालाई आमा छोरीको भेटघाट भनिन्छ । त्यसै दिन राति भाटभटेनी देउताको जात्राको पनि बिसर्जन गरिन्छ ।

माथि गरिएका चर्चाहरूबाट भाटभटेनी मूर्तिहरू सम्भवतः राजा शङ्करदेव क्ष्क्ष्क्ष (तृतीय) को राज्यकाल ( वि.सं. ११२३-३९ ताका) मा ज्ञानेश्वर महादेव प्रतिष्ठापन गरिएको बेला पुरोहित बनेका पण्डित नन्दी नामक ब्राह्मणले स्थानीय जनतालाई ब्रह्मपिशाचको भयङ्कर उपद्रवबाट बचाएको गुणको सम्फनामा उनको मृत्यु तत्कालीन विशालनगरमा भएपछि संस्थापित गरिएको उनको मूर्ति हुनु ठूलो सम्भावना छ । अनि यहाँको स्त्री-मूर्ति र बाल-मूर्ति पनि देवदेवी मूर्ति नभई उनकै अर्धाङ्गिनी र बालक छोराका हुनन् । अनेक कथा, किम्वदन्तीहरू पछि बन्दै आएका होलान् । फेरि हाँडीगाउँ (विशालनगर)स्थित टुँडालदेवीलाई भाटभटेनीकी आमा भनिने परम्पराबाट यी भाटभटेनी मूर्तिहरूको संस्थापन पछि मात्र भएको भान हुन्छ । टुँडालदेवीको वेदिकामा रहेको एउटा ढुङ्गामा सं. (शक) ३९९ (वि.सं. ५३४) साल ज्येष्ठ शुक्ल द्वितीया कुँदिएको छ । त्यसबाट यी टुँडालदेवीको

प्रतिष्ठापन लिच्छवि राजा मानदेव (प्रथम) को राज्यकाल (शक सं. ३८१-४२७)मा भइसकेको बुझिन्छ। भाटभटेनीको संस्थापन पछिको मात्र घटना देखिन्छ।

यहाँनिर के कुरा विचारणीय हुन्छ भने वर्तमान भाटभटेनी स्थल प्रारम्भमा टुँडालदेवी स्थलजस्तै ढुङ्गाका केही प्रतीकहरू मात्र भएको र विनामूर्तिको पीठ रहेको बलियो सम्भावना छ। टुँडालदेवी स्थलजस्तै मशान नगिचको पीठ थलो भएको भाटभटेनी मूर्तिहरू पछि मात्र संस्थापित गरिएको कारणले नै यस थलालाई टुँडालदेवीकी छोरी भाटभटेनीको थलो भन्ने परम्परा बसेको हुनुपर्छ।

टुँडालदेवीको जात्रा भने राजा शिवसिंह मल्लको राज्यकाल (ने.सं. ७००-७४०, वि.सं. १६३८-१६७७) मा विशालनगरस्थित धूमवाराहीलाई रुद्रमती (धोवी खोला) नदीले बगाएर शङ्खमूलनिर पुऱ्याएपछि त्यहाँका स्थानीय निवासीहरूले 'ग्रामरक्षक पीठ देवता नभैकन हाम्रो भलो हुँदैन' भनेर उत्तरतिर अवस्थित वैष्णवी देवीको मूर्ति प्रतिस्थापन गरी वार्षिक रथयात्रा गर्ने परम्परा बसालेका थिए।

टुँडालदेवीको प्राचीन स्थलमा वैष्णवीको मूर्ति प्रतिष्ठापित गरी वार्षिक रथयात्रा गर्ने चलन बसालिँदा टुँडालदेवीका छोरीहरू भनेर मानिएका टङ्गालस्थित भटेनीदेवी र नक्सालस्थित महामायादेवीको पनि सँगसँगै वार्षिक रथयात्रा गर्ने चलन चलाइएको हुनुपर्छ। देवदेवीका मूर्तिहरू अधिकांशको खटमा राखी मान्छेहरूले बोकेर वार्षिक जात्रा गर्ने परम्परा काठमाडौंका राजा अमर मल्लको राज्यकाल (ने.सं. ६४९-६८०, वि.सं. १५८६-१६१७') देखि चलेको इतिहासबाट थाहा हुन्छ।